केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/६/०७३/७४ मिति: २०७३/१०/१२

"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७३ को निर्देशन नं.६ अन्तर्गत बुँदा नं. ६.२क, ६.४क र ६.१३ थप गरी देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

*६.२क. <u>सञ्चालक शिक्षा कार्यक्रम :</u>*

*१. लघुवित्त वित्तीय संस्थामा नयाँ सञ्चालक नियुक्त/मनोनित भई आए पश्चात् सम्बन्धित संस्थाले आफ्नो संरचना, व्यवसायको प्रकृति, संस्थागत सुशासन, संस्थागत रणनीति, व्यवसायिक योजना, सञ्चालकको कर्तव्य तथा उतरदायित्व, जोखिम व्यवस्थापनका सम्बन्धमा अपनाइएका रणनीति, समष्टिगत आर्थिक एवम् वित्तीय अवस्था, वर्तमान कानूनी व्यवस्था, प्रचलनमा रहेका बैंकिङ्ग सेवा तथा पद्धति र यस बैंकबाट जारी गरिएका निर्देशन आदि बिषयहरु समेटी एक महिनाभित्र अभिमुखीकरण (Orientation) गराउनु पर्नेछ ।*

*२. लघुवित्त वित्तीय संस्थाले समग्र बैंकिङ्ग प्रणालीको संस्थागत सुशासन एवम् जोखिम व्यवस्थापनको गुणस्तर सुधार गर्नका लागि पारदर्शिता (Transparency), खुलासा (Disclosure), स्वार्थको द्वन्द्व (Conflict of Interest), अनुपालना (Compliance) र अन्य नियामक निकायसँगको सम्बन्ध एवम् समन्वय लगायतका विषयमा अन्तर्राष्ट्रिय असल अभ्यास (International Best Practice) समेटी आफ्ना सबै सञ्चालकहरुलाई हरेक वर्ष कम्तीमा एकपटक अभिमुखीकरण/पुनर्ताजगीकरण गराउने व्यवस्था मिलाउनु पर्नेछ ।*

*३. लघुवित्त वित्तीय संस्थाका सञ्चालक समितिले बुँदा नं. १ र २ मा भएको व्यवस्था समेटी सञ्चालकको योग्यता तथा बैकिङ्ग क्षेत्रको कार्य अनुभवका आधारमा प्रत्येक सञ्चालकलाई प्रदान गर्ने सञ्चालक शिक्षा कार्यक्रम सम्बन्धी कार्यविधि बनाई लागु गर्नु पर्नेछ र त्यस्तो कार्यविधिको १/१ प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।*

*६.४क. <u>कर्मचारी दक्षता अभिबृद्धि सम्बन्धमा :</u>*

*लघुवित्त वित्तीय संस्थाले आफ्ना कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष कुल कर्मचारी खर्चको न्यूनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्नेछ । यस्तो खर्च गर्दा निम्नानुसारका शर्तहरु पालना गर्नु पर्नेछ :*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



(क) तालिम तथा वृत्ति विकास खर्चको गणना गर्दा गत वर्षको कुल कर्मचारी खर्चलाई आधार लिनु पर्नेछ ।

(ख) तालिम तथा वृत्ति विकास खर्चबाट संस्थाका सबै कर्मचारीहरुले दक्षता अभिवृद्धिमा समान अवसर प्राप्त गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) सञ्चालक समितिका अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतको विदेश भ्रमण सम्बन्धी कुनै पनि खर्च र आफ्नो संस्थाको तर्फबाट प्रतिनिधित्व गर्दै सभा वा सम्मेलनमा सहभागी हुँदाको प्रतिनिधि मण्डलको खर्च यस अन्तर्गत समावेश गर्न पाइने छैन ।

(घ) प्राथमिक बैंकिङ्ग कार्य (Core Banking Functions) सँग प्रत्यक्ष सम्बन्धित बढीमा तीन महिनासम्मको स्वदेशी वा विदेशी तालिम तथा गोष्ठी सम्बन्धी खर्च समावेश गर्न पाइनेछ ।

(ङ) तालिममा मनोनित/सहभागी हुँदा बैंकको नियमानुसार लाग्ने खर्च यस अन्तर्गत समावेश गर्न पाइनेछ ।

(छ) तालिम प्रदायक संस्थाको छनौट गर्दा त्यस्तो संस्थाको ख्याति, प्रतिष्ठा र विश्वसनीयतालाई आधार बनाउनु पर्नेछ ।

(ज) स्वदेशी तालिम तथा गोष्ठीको हकमा राष्ट्रिय स्तरका बैंकिङ्ग तालिम प्रदायक संस्थाहरु जस्तैः नेशनल बैंकिङ्ग इन्स्टिच्यूट, नेपाल चार्टड् एकाउन्टेन्टस संस्था, नेपाल राष्ट्र बैंक, नेपाल सरकारले आयोजना गरेका तालिम तथा गोष्ठी, अनुशिक्षण कार्यक्रम, सेमिनार आदिमा सहभागी गराउँदा लाग्ने खर्च तथा संस्था आफैले तालिम सञ्चालन गर्दा लाग्ने खर्चलाई तालिम तथा वृत्ति विकास खर्चमा समावेश गर्न पाइनेछ । साथै, बैंक तथा वित्तीय संस्थाले आफ्नै आवासीय तालिम केन्द्र मार्फत् तालिम सञ्चालन गर्दा लाग्ने खर्चहरु यस अन्तर्गत समावेश गर्न पाइनेछ ।

(झ) कथम कदाचित् चालु आर्थिक बर्ष २०७३/७४ मा कर्मचारीहरुको दक्षता अभिवृद्धिमा तोकिए अनुसार खर्च हुन नसकेमा त्यस्तो बाँकी रकमलाई कर्मचारीको दक्षता अभिवृद्धि कोषमा जम्मा गरी आगामी आर्थिक वर्ष २०७४/७५ मा खर्च गर्नु पर्नेछ ।

(ञ) लघुवित्त वित्तीय संस्थाका सञ्चालक समितिले कर्मचारीहरुको दक्षता अभिवृद्धि सम्बन्धमा कार्यविधि बनाई लागु गर्नु पर्नेछ र त्यस्तो कार्यविधिको १/१ प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

**६.१३. संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा :**

लघुवित्त वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन आफ्नो हरेक आर्थिक बर्षको खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नु पर्नेछ । सो कोषमा जम्मा भएको रकम

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*निम्नानुसार हुने गरी अर्को आर्थिक बर्ष खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।*

*(क) संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमबाट निम्न क्षेत्रहरुमा हुने खर्च व्यहोर्न सकिनेछ :*

*(१) सामाजिक परियोजनाहरुमा हुने खर्च : शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रबर्द्धन, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार, सामाजिक रुपले पिछडिएका वर्गको आय आर्जन क्षमता अभिबृद्धि, वित्तीय साक्षरता, ग्राहक संरक्षण सम्बन्धी कार्यक्रम आदिमा गर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च । परियोजना छनौट गर्दा सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका विशिष्टिकृत संस्थाहरुबाट सार्वजनिक सूचना मार्फत् प्रस्ताव माग गरी छनौट गर्नु पर्नेछ ।*

*(२) प्रत्यक्ष अनुदान खर्च : अति विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा हुने खर्च व्यहोरिदिने गरी हुने प्रत्यक्ष अनुदान खर्च वा त्यस्ता क्षेत्रमा संलग्न तथा क्रियाशिल संस्थाहरुको भौतिक संरचना निर्माण, साधन खरिद सञ्चालन खर्च आदिमा दिइने प्रत्यक्ष अनुदान खर्च ।*

*(३) दिगो विकास लक्ष्य : नेपालको दिगो विकास लक्ष्य, २०१६-२०३० (Sustainable Development Goals, 2016-2030) ले पहिचान गरेका १७ वटा क्षेत्रहरुमा तोकिएका लक्ष्यहरुको प्राप्तिमा सहयोग हुने गरी गरिने अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चहरु ।*

*(४) लघुवित्त वित्तीय संस्थाले आफ्नो संस्थामा कार्यरत कर्मचारीहरुका लागि Child Day Care Centre को व्यवस्था गर्दा लाग्ने खर्च ।*

*(ख) संस्थाको ब्राण्ड प्रवर्द्धन हुने गरी गरिने खर्च यस कोषबाट व्यहोर्न पाइने छैन । तर, संस्थागत सामाजिक उत्तरदायित्वमा गरेको खर्चमा संस्थाको नाम सौजन्यको रुपमा उल्लेख गर्न भने बाधा पुगेको मानिने छैन ।*

*(ग) लघुवित्त वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा बिषय (जस्तै: शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफ्नो कार्यक्षेत्रभित्रका विभिन्न भौगोलिक क्षेत्र तथा बिषयहरुमा न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।*

*(घ) सञ्चालक समितिका सदस्यहरुलाई व्यक्तिगत तथा राजनैतिक लाभ हुने गरी खर्च गर्न पाइने छैन ।*

*(ङ) इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिले संस्थागत सामाजिक उत्तरदायित्वका लागि यस व्यवस्था अनुसार पहिचान हुने क्षेत्रहरु, सो क्षेत्रमा खर्चका लागि प्राप्त हुने प्रस्ताव मूल्याङ्कन गर्ने प्रक्रिया, कोषको सञ्चालन तथा व्यवस्थापन प्रक्रिया लगायतका बिषयहरु समेटी छुट्टै कार्यविधि बनाई लागु गर्नु पर्नेछ ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(च) *लघुवित्त वित्तीय संस्थाले यस्तो कोषको व्यवस्था तथा सोबाट भएको खर्च सम्बन्धी जानकारी आफ्नो वार्षिक वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी अन्तर्गत खुलाउनु पर्नेछ ।*

भवदीय,

२०७३।१०।१२

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।